# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर-विश्व बैंक उपाध्यक्ष भेट

गभर्नर डा. युवराज खतिवडासंग विश्व बैंकको दक्षिण एशिया क्षेत्र हेर्ने उपाध्यक्ष **Mr. Philippe H. Le Houerou** ले २०७० चैत्र १३ गतेका दिन भेटवार्ता गर्नु भयो ।



भेटको शुरुमा गभर्नर खतिवडाले उपाध्यक्ष **Houerou** लाई विश्व बैंकले नेपालको वित्तीय क्षेत्र विकास प्रयासमा गरेको सहयोगको सराहना गर्नु भएको थियो ।

भेटका क्रममा उपाध्यक्ष **Houerou** ले विश्व बैंकले नेपालको पूर्वाधार विकासमा सहयोग गर्ने, यसका लागि उर्जा क्षेत्रको व्यवस्थापनमा सुधार गर्दै यस क्षेत्रमा लगानीलाई प्राथमिकता दिनु पर्ने, त्यस्तै कृषि, सडक र सञ्चार क्षेत्रलाई एकसाथ विकास गरी गरिबी न्यूनीकरणको लक्ष्य हासिल गर्ने कार्यमा नेपालले थप प्रयत्न गर्नु पर्ने धारणा व्यक्त गर्नु भयो । सोही क्रममा उहाँले नेपालले वित्तीय क्षेत्र सुधारको कार्यलाई लामो समयदेखि अँगाल्दै यसलाई निरन्तरता दिँदै आएको विषयप्रति सन्तोष व्यक्त गर्दै मुलुकको दिगो विकासका लागि वैदेशिक रोजगारीबाट फर्केका नेपालीहरुको बचत, दक्षता र सीपलाई सदुपयोग गर्ने रणनीति अख्तियार गर्न सुझाव दिनु भयो ।

भेटका क्रममा गभर्नर खतिवडाले पछिल्लो आर्थिक स्थितिको बारेमा प्रकाश पार्दै केही समय पहिले विश्व बैंक र अर्न्राष्ट्रिय मुद्राकोषको संयुक्त पहलमा अघि बढाइएको वित्तीय क्षेत्र मूल्यांकन कार्यक्रम अन्तर्गतको प्रतिनिधिमण्डलले नेपालको वित्तीय प्रणालीको सिँहावलोकन गरेको, वित्तीय स्थायित्व हासिल गर्नका लागि चाहिने आवश्यक क्षमता र वास्तविक क्षमता बीचको अन्तरलाई पूरा गर्ने खालका प्राविधिक सहयोग लगायतका कार्यान्वयनयोग्य सुझाव प्रस्तुत गर्ने विचार उहाँले व्यक्त गर्नु भयो ।

यसैगरी, गभर्नर खतिवडाले एकातिर राजस्व परिचालनको सन्तोषजनक स्थिति र अर्कोतर्फ निर्वाचित सरकारको कारण आउँदा दिनमा सरकारको लक्षित विकास खर्चले गति लिई आर्थिक वृद्धि लक्ष्यभन्दा बढी हुन सक्ने अपेक्षा राख्नु भएको थियो भने त्यसको परिणामस्वरुप लगानीको वातावरण अनुकूल हुन गई निजी क्षेत्रको लगानी समेत बढ्न सक्ने विचार व्यक्त गर्नु भएको थियो । उहाँले विश्व बैंकको सहयोगलाई पूर्वाधार विकास, ग्रामीण र कृषि क्षेत्रको क्रियाकलाप विस्तारतर्फ लगाई त्यसको प्रत्यक्ष असर कृषि क्षेत्र र खासगरी रोजगारी सिर्जना हुने गरी अघि बढाउन सकेमा

मध्यमकालमा अपेक्षा गरिएको आर्थिक वृद्धि हासिल गर्न सकिने धारणा पनि व्यक्त गर्नु भएको थियो । हाल बैंकिङ्ग प्रणालीमा देखिएको अधिक तरलता अल्पकालिन सुखद् समस्या भएको बताउँदै गभर्नर खतिवडाले यसलाई **SME Sector** र बैंकिंग सेवाबाट विमुख समुदायसम्म पुऱ्याउन सकेको खण्डमा वास्तविक उपलब्धि हासिल गर्न सकिने विचार व्यक्त गर्नु भएको थियो ।

भेटका अवसरमा बैंकका डेपुटी गभर्नर गोपालप्रसाद काफ्ले र विश्व बैंकका **Country Director, Johannes Zutt** को समेत उपस्थिति रहेको थियो ।

**मिति : २०७० चैत १७ गते सोमबार**

**गभर्नरको कार्यालय**